## मिति २०८२/०५/५ गतेको प्रादेशिक निर्देशक समितिको दोस्रो बैठकका निर्णयहरू:

१. प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम अन्तर्गत गत आ. व. २०८१/८२ मा सम्पन्न कार्यक्रमको समग्र प्रगति समेटेर तयार गरिएको प्रतिवेदन उपर समीक्षा गरियो।

२. प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत रहेको प्रदेश कार्यक्रम सहयोग इकाई (PPSU) र प्रदेश सुशासन केन्द्र (PCGG) मार्फत कार्यान्वयन गर्ने गरी मिति २०८२ साल जेठ ७ गते राष्ट्रिय निर्देशक समितिबाट स्वीकृत आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम (PASIPB) लाई समितिबाट अनुमोदन गर्ने। PPSU र PCGG ले सम्बद्ध कार्यक्रम/क्रियाकलापको कार्ययोजना बनाई कार्यान्वयन गर्ने।

३. प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमको कार्यक्रम दस्तावेजमा उल्लेख भए बमोजिम कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सहजीकरण गर्न एवं कार्यक्रम दस्तावेज र Portfolio documents मा उल्लेखित कार्यहरु सम्पादन गर्न तपसिल बमोजिमको प्रादेशिक प्राविधिक सहायता समिति (Provincial Technical Assistance Committee- PTAC) गठन गर्ने।

तपसील:

१. प्रादेशिक कार्यक्रम निर्देशक - संयोजक
२. कार्यकारी निर्देशक, प्रदेश सुशासन केन्द्र - सदस्य
३. प्रदेश लेखा नियन्त्रक - सदस्य
४. अधिकृतस्तर प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य
५. अधिकृतस्तर प्रतिनिधि, सामाजिक विकास मन्त्रालय - सदस्य
६. अधिकृतस्तर प्रतिनिधि, प्रदेश योजना आयोग - सदस्य
७. प्रादेशिक कार्यक्रम व्यवस्थापक - सदस्य-सचिव

आमन्त्रित सदस्यहरु (आवश्यकता अनुसार)

१. प्रतिनिधि, जिल्ला समन्वय समिति महासंघ/नगरपालिका संघ/गाउँपालिका राष्ट्रिय महासंघ (१ जना),
२. प्राविधिक सहयोग (TA) केन्द्र तथा प्रदेशका अन्य कर्मचारीहरू,
३. प्रदेशमा कार्यरत विकास साझेदार संस्थाका प्रतिनिधिहरू।

मुख्यमन्त्री